समन्यायिक पहुँच स्थापित गर्दै भूमि स्रोतको महत्तम उपयोग गरी लाभ प्राप्त गर्न भूमि व्यवस्थापन ऐन तर्जुमा गरिनेछ। भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनमा सहजीकरण गर्न सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।

**माननीय सभामुख,**

२०. **"स्वदेशी उत्पादनको सम्मान, समृद्ध प्रदेशको अभियान"** भन्ने मूल मन्त्रका साथ लघु, घरेलु तथा साना उद्योग स्थापनामा सहजीकरण गरी उत्पादित वस्तुको अधिकतम खुद्रा मुल्य सहितको लेवलिङ, व्राण्डिङ र बजारीकरणमा सहयोग गरिनेछ। उद्योग तथा वाणिज्य फर्म दर्ता, नवीकरण, नामसारी र खारेजी लगायतका कार्य विद्युतीय प्रणाली मार्फत सम्पादन गर्ने व्यवस्था मिलाइनेछ। नवीकरण हुन नसकेका, रुग्ण उद्योग तथा वाणिज्य फर्मलाई पुनः सञ्चालनका लागि सहजीकरण र प्रोत्साहन गरिनेछ। साथै बजारमा गुणस्तरीय खाद्य वस्तुको सहज उपलब्धता तथा उचित मूल्य कायम राख्न बजार अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाइनेछ।

२१. **"उद्यमशील लुम्बिनी"** र **"डिजिटल लुम्बिनी"** अभियानलाई प्रदेशको रुपान्तरणकारी कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ। वैदेशिक रोजगारीबाट फर्किएका, युवा र देश भित्रै उद्यम गर्न इच्छुक व्यक्तिहरूलाई स्टार्टअप, नवप्रवर्तन र उद्यमशीलताका कार्यक्रमहरूमा प्रोत्साहन गरिनेछ। साथै **उद्यम विकास कोष**को विस्तार मार्फत वीउ पुँजी, कर्जाको सहज उपलब्धता

र सुरक्षण, व्याज सहुलियत लगायतका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गरी रोजगारीका अवसर सिर्जना गरिनेछ। प्रदेशस्तरका उत्कृष्ट उद्यमीहरूलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ।

२२. **"लुम्बिनीका महिला: उद्यमशीलतामा पहिला"** को मर्मलाई आत्मसात गर्दै महिलाहरूलाई आर्थिक रुपमा सक्षम, सीपयुक्त तथा आत्मनिर्भर बनाउन स्थानीय तह समेतको सहकार्यमा महिला उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ। उद्यमी महिलाबाट उत्पादित वस्तु तथा सेवाको बजार प्रवर्द्धन गर्न एवम् निजी क्षेत्रको नेतृत्व र रोजगारीका अवसरमा महिला सहभागितालाई प्राथमिकता दिन प्रोत्साहन गरिनेछ।

२३. स्वदेशमै उत्पादन भएका वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता दिइनेछ। स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनामा छुट दिँदै कच्चा पदार्थ आपूर्तिमा सहजीकरण गरिनेछ। स्थानीय कच्चा पदार्थमा आधारित अल्लो लगायतका वस्तुको लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

२४. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई औपचारिक दायरामा ल्याउन रोजगार क्षेत्रको पहिचान, श्रमिक र रोजगारदाताबीचको अन्तरसम्बन्ध, सामाजिक सुरक्षा, श्रमशक्ति व्यवस्थापन लगायतका विषयहरू समेटी श्रम तथा रोजगार नीति तर्जुमा गरिनेछ।

२५. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सीप तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ। आप्रवासी श्रमिक सञ्जालहरूलाई वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, पुँजी र क्षमताको उपयोगका लागि प्रोत्साहित गरिनेछ।

२६. श्रमलाई सम्मान गर्ने वातावरण निर्माण गर्दै बेरोजगार व्यक्तिहरूलाई एकै ठाउँबाट रोजगारी सम्बन्धी सूचना, तालिम र परामर्श सेवा उपलब्ध गराउन रोजगार पोर्टलसँग अन्तरआवद्धता गरिनेछ। उद्योगमा आवश्यक पर्ने जनशक्तिको मागका आधारमा सीपमूलक तालिम प्रदान गरी रोजगारीका लागि सम्बन्धित उद्योगहरूसँग समन्वय गरिनेछ।

२७. प्रदेश भित्रका सवारीसाधनको दर्ता, नवीकरण, नामसारी, लगत कट्टा र राजश्व संकलनलाई विद्युतीय प्रणालीको माध्यमबाट अभिलेखीकरण गर्ने व्यवस्था मिलाइनेछ। सवारी चालक अनुमतिपत्र समयमै छपाई गरी सहज रुपमा वितरण गरिनेछ। सवारीसाधन नवीकरण र अस्थायी रुट इजाजत सम्बन्धी सेवा प्रदेशका सबै जिल्लामा विस्तार गरिनेछ। प्रदेश भित्र सार्वजनिक यातायातलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन निजी क्षेत्रसँगको सहकार्यमा जि.पि.एस. ट्र्याकिङ तथा सि.सि. क्यामेरा जडान गर्ने व्यवस्था गरिनेछ।

२८. भाषा, भेषभुषा, प्राचीनतम धर्म, मौलिक संस्कार, संस्कृति, कला, साहित्य, संगीत र बौद्धिक सम्पति जस्ता प्रदेशको मौलिकतासँग

सम्बन्धित विषयलाई व्यवस्थित गर्न लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना गरी संरक्षण र प्रर्वद्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२९. रोल्पा र रुकुम (पूर्वी भाग) का उच्च पहाडी तथा हिमाली क्षेत्रमा साहसिक पर्यटन प्रर्वद्धनका लागि पदमार्ग र पुथा हिमालमा वेसक्याम्प निर्माण गरिनेछ।

३०. लुम्बिनी क्षेत्रलाई आरोग्य पर्यटन हबको रुपमा विकास गरी प्रदेशका मुख्य पर्यटकीय गन्तव्यहरूमा आरोग्य पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ। नेपाल सरकारले घोषणा गरेको **"भिजिट नेपाल २०८५"** कार्यक्रमबाट लाभ लिन लुम्बिनी क्षेत्रका पर्यटकीय गन्तव्यहरूमा स्वदेशी तथा विदेशी पर्यटकहरूलाई आकर्षित गरी बसाई अवधि लम्ब्याउन र उनीहरुको खर्च बढाउन एकीकृत पर्यटन डिजिटल प्लेटफर्म मार्फत प्रचारप्रसार गर्नुका साथै पर्यटकीय पूर्वाधार विकास गर्ने कार्यलाई जोड दिइनेछ।

३१. प्राचीन स्मारक तथा पुरातात्त्विक/सांस्कृतिक सम्पदा एवम् पर्यटकीय स्थलको संरक्षण र प्रवर्द्धन गरिनेछ। बाँकेको बागेश्वरी, दाङ्गको पाण्डवेश्वर, देवीकोट, सुकौराकोट-दंगीशरण र छिल्लीकोट, बर्दियाको ठाकुरबाबा र गणेशबाबा (हथिया बाबा) मन्दिर, प्यूठानको स्वर्गद्वारी, अर्घाखाँचीको सुपादेउराली र पाणिनी, गुल्मीको रिडी, रेसुङ्गा र कंके देउराली, पाल्पाको रानीमहल र भैरवस्थान, रुपन्देहीको जितगढी, नवलपरासीको

बाबा बर्दगोरिया र अनुमाघाट, रोल्पाको जलजला र रुकुम (पूर्वी भाग) को तकसेरा लगायत प्रदेशका महत्त्वपूर्ण धार्मिक एवम् पर्यटकीयस्थलको संरक्षण र प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३२. कोइलाबासदेखि गोरक्षरत्ननाथ मन्दिर हुँदै स्वर्गद्वारीसम्म धार्मिक तथा सांस्कृतिक पथको रुपमा विकास गरिनेछ। लुम्बिनीदेखि मुक्तिनाथसम्म धार्मिक परिपथको रुपमा प्रवर्द्धन गरिनेछ। लुम्बिनी, स्वर्गद्वारी र बर्दिया राष्ट्रिय निकुन्जलाई जोडेर सिल्भर ट्रिङ्गल (Silver Triangle) को रुपमा विकास गरिनेछ।

३३. स्थानीय समुदायको सक्रिय सहभागिता, स्वामित्व र लाभ सुनिश्चित गर्दै समुदायमा आधारित पर्यटनको (CBT) विकास तथा प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ। ग्रामीण क्षेत्रको संस्कृति र जीवनशैलीलाई पर्यापर्यटनसँग जोड्न, स्वरोजगारका क्षेत्र बढाउन तथा आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न "होमस्टे" लाई प्रोत्साहन गरिनेछ।

**माननीय सभामुख,**

३४. आयोजना छनोट गर्दा प्रादेशिक सडक सञ्जाल गुरुयोजनामा समावेश भएका आयोजनालाई प्राथमिकता दिइनेछ। प्रादेशिक सडक गुरुयोजनाको प्रभावकारी कार्यान्वयन गर्न उक्त गुरुयोजनामा समावेश भएका सडकहरूको नक्शाङ्कन तथा